प्रदेश नं. ५

प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नं. ५, विद्युतको विकास निर्माण एवम् व्यवस्थित गर्न बन्ने विधेयकका सम्बन्धमा तयार गरिएको अवधारणा पत्र ।

१) नयाँ ऐन बनाउनु पर्ने आवश्यकता :

क) संवैधानिक आवश्यकता:

नेपालको संविधानको अनुसूची ६ को व्यवस्था गरेको अधिकारमध्ये क्र.सं. ७ मा प्रदेशस्तरको विद्युत, सिंचाइ, खानेपानी सेवा र परिवहन प्रदेशको अधिकार क्षेत्र भित्र रहेको छ । साथै, प्रदेश नं. ५, प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०७४ को अनुसूची २ मा यस मन्त्रालयको जिम्मेवारी अन्तरगत सि.नं.१मा प्रदेशस्तरको ऊर्जा, विद्युतसम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना तथा आयोजना निर्माण, कार्यान्वयन, संचालन, मर्मत सम्भार, समन्वय र नियमन भन्ने उल्लेख भएको र सि.नं.४ बुँदा नं. २ मा प्रदेशस्तरका ऊर्जा, विद्युत, सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन तथा बुँदा नं. ३ मा ऊर्जा, विद्युत, सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन भन्ने उल्लेख भएकाले सो कार्यलाई व्यवस्थित गर्न कानून निर्माण गर्न आवश्यक भएको छ ।

ख) प्रदेश सरकारको नीति तथा कार्यक्रम :

प्रदेश सरकारको आ.व २०७५/७६ को नीति कार्यक्रमकोबुँदा नं. ३३ मा - प्रदेशका उपर्युक्त स्थानहरुमा, सिंचाइ, ऊर्जा विकासका लागि बहुउपयोगी ठूला तथा मझौला जलाशयहरु निर्माण गर्दैलैजाने नीति लिइने विषय रहेको र बुँदा नं.३८ मा - जलविद्युत तथा वैकल्पिक ऊर्जा विकास निजी क्षेत्रको समेत लगानी प्रोत्साहन गर्दै प्रसारण एवम् वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युतको पहुँच सर्वसुलभ बनाइनेछ भन्ने व्यवस्था रहेको छ ।

ग) अन्य कारण :

२) नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :

नयाँ ऐन तर्जुमा भएपश्चात् देहायका उपलब्धि हासिल हुनेछन् ।

- प्रदेशस्तरको विद्युत उत्पादनमा लगानीको वातावरण सिर्जना भई विद्युत उत्पादन क्षमतामा वृद्धि हुनेछ ।
- प्रदेशस्तरको विद्युत अयोजनाहरुको सर्भेक्षण, उत्पादन,अनुमती प्रदान गर्न कानूनी आधार बन्ने छ ।

- प्रदेशस्तरको प्रादेशिक सम्पदामध्येको जलस्रोतको समुचित उपयोग एवम् प्रदेशको राजश्व वृद्धि हुने र सो रकम प्रदेश सरकारले सामाजिक सेवाको क्षेत्रमा परिचालन गर्दा नागरिकको जीवनस्तर उकास्न सहयोग पुग्नेछ ।
- ऊर्जाको पर्याप्तताले औद्योगिक क्षेत्र तथा अन्य सेवा क्षेत्रको विस्तार भई रोजगारीका अवसर सिर्जना हुनेछ ।

**३) प्रस्तावित विषयमा मौजुदा कानून भए :**

संघमा विद्युत ऐन, २०४९, विद्युत नियमन आयोग ऐन, २०७४, जलस्रोत ऐन, २०४९ रहेको छ।

**४) मौजुदा कानून संसोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सोको कारण :x**

**५) प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित बार्षिक व्ययभार :**

प्रस्तावित कानून निर्माण भई कार्यान्वयन हुँदा प्रदेश सरकारलाई थप आर्थिक व्ययवभार पर्ने छैन।

**६) प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :**

हाल संचालनमा भैरहेका संरचनाबाट नै कार्य सम्पन्न हुनेछ ।

**७) प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए नभएको :**

प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको सहमति लिनुपर्ने आवश्यकता देखिएको छैन ।

**८) प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषय :**

संक्षिप्त नाम र प्रारम्भ, परिभाषा,विद्युतमा लगानी हुनसक्ने क्षेत्र र ढाँचा,विद्युतको सर्भेक्षण,उत्पादन,अनुमतिको व्यवस्था,प्रदेश सरकारको स्वामित्व,रोयल्टी,कर,दस्तुर,विदेशी विनिमयको सुविधा,महशुल र अन्य दस्तुर निर्धारणको व्यवस्था,विद्युत सेवा बन्द हुने अवस्था,उत्पादित विद्युत बिक्री,आयात र निर्यात,अन्य प्राविधिक कुराको स्तर, आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, आयोजनाको लागि घरजग्गा प्राप्ति विद्युतको चोरी नियन्त्रण, विद्युत आयोजनाको सुरक्षा र मर्मत सम्भार, विविध, दण्ड सजाय, पुनरावेदन, नियम बनाउन सक्ने खारेजी र बचाउँ ।